नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

झापा

(.................................. फाँट)

४५५१२५ कार्यालय
४५५०८८ फ्याक्स
०२३- ४५६१९१ कार्यालय
४५६१९७ प्रजिअ आवास
४५५१६६, ४५५०६६, ४५५९८८

पत्र संख्या :- ०७७/७८

चलानी न. :-

मिति :- २०७७/०६/३०..........

**विषय :-** जिल्ला प्रशासन कार्यालय, झापाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेशको सूचना ।

DCCMC (District Covid 19 crisis Management Center), झापाको मिति २०७७/०६/३० को निर्णय अनुसार संक्रामक रोग ऐन, २०२० को दफा २ ले प्रदान गरेको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम प्रमुख जिल्ला अधिकारीलाई प्राप्त अधिकार समेत प्रयोग गरि कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि झापा जिल्ला भर लागू हुने गरि देहाय बमोजिको निषेधाज्ञाको आदेश जारी भएको हुदाँ सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । उक्त आदेशको अवज्ञा वा अपहेलना गर्ने वा कांममा बाधा पुऱ्याउने व्यक्तिलाई कानून बमोजिम कारवाही गरिने छ ।

देहाय :

(क) महान चाड वडादशैमा घटस्थापनादेखि नवमीसम्म विभिन्न शक्तिपिठ, मन्दिरका साथै स्थापना गरिने दुर्गा भवानीको पन्डालमा नित्य पुजा बाहेक दर्शनका लागि जमघट नहुने, चाड-पर्व मनाउदा एकाघरमा बसोबास गर्दै आएका परिवारका सदस्यहरुको बीचमा मात्र मनाउने, अनावश्यक हिडडुल नगर्ने, भेला जमघटमा सहभागि नहुने, जात्रा, मेला, महोत्सब आयोजना नगर्ने साथै त्यस्ता कियाकलापहरुमा सहभागि समेत नहुने, घरमै बसी आ-आफ्नो धार्मिक, सांस्कृतिक गतिविधि गर्ने, चाड-पर्व मनाउने र स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पुर्ण पालना गर्ने गराउने ।

(ख) यस जिल्ला भित्र मिति २०७७/०७/०२ गतेदखि २०७७/०७/१४ गते कोजाग्रत पूर्णिमासम्म अत्यावश्यक काममा बाहेक बेलुका ८:०० वजेदेखि विहान ५:०० वजेसम्म मानिसको आवत जावत, सवारी साधन, होटल, पसल लगायतका सम्पूर्ण गतिविधिहरु बन्द गर्ने ।

(ग) अवैध मदिरा उत्पादन, विकी वितरण तथा उपभोग नगर्ने, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाउने, हो-हल्ला नगर्ने, जुवा तास तथा गैर कानूनी रुपमा चिठ्ठा नखेल्ने, कानून विपरितका कुनै पनि गतिविधि नगर्ने ।

(घ) पटाका आतिशबाजी लगायतका विष्फोटक पदार्थ ओसार पसार नगर्ने नगराउने ।

(ङ) ध्वनी प्रदुर्षण हुने गरि चर्को आवाजमा माइक नवजाउने ।

(च) धार्मिक, सामाजिक संस्कृतिक सदभाव विथोल्ने गतिविधिहरु नगर्ने, सामाजिक सदभाव कायम राख्ने ।

(छ) चाडपर्वको अवसर पारेर जुनसुकै संगठन, समूह, संघसंस्था, क्लब तथा सञ्जालहरुले भेला जम्मा भई गरिने शुभकामना आदान प्रदान, देउसी भैलो, खेलकुद लगायतका कियाकलापहरु संचालन नगर्ने ।

श्रवण कुमार तिमिल्सिना
(प्रमुख जिल्ला अधिकारी)

प्रमुख जिल्ला अधिकारी